"समृद्ध गौरीशंकर गाउँपालिकाको लागि वातावरणिय सन्तुलन सहितको अभियान"

# गौरीशंकर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सुरी, दोलखा

बागमती प्रदेश, नेपाल

visit Nepal 2020

पत्र संख्या / Ref.No. : ०७६/०७७

चलानी नं. /Dispatch No. : 602

गौरिशंकर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा ३ नं. प्रदेश, नेपाल २०७३

मिति/Date : २०७६/१०/१६

**विषय : लेखापरीक्षकमा नियुक्ति गरिएको सम्वन्धमा ।**

श्री यु श्रेष्ठ एसोसीयट (दोलखा)

लेखापरीक्षक (प्र.प.नं. ३४९१ घ)

उपर्युक्त सम्वन्धमा तपाईलाई तपसिल अनुसारका विद्यालयहरुको आ.व.०७५।०७६ को लेखापरीक्षण गर्न शिक्षा नियमावली २०५९ को नियम १६(प) र १७(१) अनुसार नियुक्ति गरिएको छ । सम्वन्धित विद्यालयमा सम्पर्क राखी शिक्षा नियमावलीमा उल्लेखित कुराहरु र अन्य प्रचलित कानून वमोजिम तपसिलमा उल्लेखित बुँदाहरुलाई ध्यानमा राखी लेखापरीक्षकको काम, कर्तव्य र अधिकारको निष्ठापूर्वक वहन गरी वि.व्य.स.र शिक्षक अभिभावक संघको रोहवरमा लेखापरीक्षण कार्य सम्पन्न गरी रीतपूर्वकको प्रतिवेदन एक/एक प्रति गाउँपालिकामा र सम्वन्धित विद्यालयमा अनिवार्य रुपमा पेश गर्नुहुन अनुरोध छ।

तपसिल

| लेखापरीक्षण गर्न तोकिएको विद्यालयहरुको नाम : | | | |
|---|---|---|---|
| १.भूमेगुम्वा मा.वि.चंखु | २. जयन्तिपुर आ.वि.चंखु | ३. हुलाक प्रा.वि. चंखु | ४. माइस्थान प्रा.वि. चंखु |

**बुँदाहरु :**

१. विद्यालयको आय-व्ययको स्रेस्ता शिक्षा नियमावली २०५९ को अनुसूची २३ को ढाँचामा राखेको छ/छैन । नराखेको भए प्रतिवेदनमा उल्लेख गर्ने ।
२. शिक्षकहरुको स्थायी, अस्थायी तथा राहत नियुक्ति, बढुवा, तलब निर्धारणवारे सामुदायिकतर्फ शिक्षा विकास तथा समन्वय इकाई र संस्थागत विद्यालयतर्फ वि.व्य.स.को अनुमति पत्र छ/छैन । हाजिरी रेकर्ड र तलब खर्च भिड्छ/भिड्दैन ।
३. तहगत शिक्षक दरवन्दी विवरण, तलब स्केल, ग्रेड र विदाको विवरण । शिक्षकको रुजू हाजिरी र वि.व्य.स.ले प्रमाणित गरेको आधारमा तलब भत्ता भुक्तानी भए/नभएको ।
४. विद्यालयबाट उठाईने विभिन्न शुल्क र खर्चमा वि.व्य.स.को निर्णय भएको छ/छैन ।
५. बजेट वक्तव्य अनुसार स्थायी, अस्थायी, राहत, प्रारम्भिक वाल शिक्षा तथा निजीस्रोत लगायतमा कार्यरत सबै शिक्षकहरुको पारिश्रमिकमा १ प्रतिशत सामाजिक सुरक्षा कर तथा अन्य आयकर र बहालकर कट्टी गरी बैंक दाखिला गरेको छ/छैन । ( यस बुँदाको प्रयोजनको लागि बार्षिक आम्दानी प्राकृतिक एकल व्यक्तिको रु.३,५०,००० र दम्पतिको रु. ४,००,००० सम्मको करयोग्य आयमा १ प्रतिशत, चार लाख पच्चास हजार र पाँच लाखसम्म १५ प्रतिशत र चार लाख पच्चास हजार र पाँच लाख भन्दा बढीभए २५ प्रतिशत ले करकट्टी गनुपर्ने र शिक्षा सेवा कर १ प्रतिशत राजश्व दाखिला भए नभएको समेत प्रतिवेदनमा उल्लेख गर्नुपर्ने)
६. विद्यालयले खरीद, गरेको निर्माण सामग्रीको विलको रकममा १.५% अग्रिम आयकर, सामान ढुवानीमा १०% बहालकर कट्टा गरी सम्वन्धित राजस्व खातामा दाखिला भए नभएको प्रतिवेदनमा खुलाउनुपर्ने ।
७. संस्थागत तर्फ आबास सुविधावापत के कति रकम उठाएको छ र त्यस मध्ये कुन-कुन प्रयोजनार्थ खर्च गरिएको छ, सो उल्लेख गर्ने ।
८. विद्यालयलाई गाउँपालिका मार्फत प्राप्त विभिन्न सरकारी अनुदान, गैरसरकारी संस्था तथा अन्य जुनसुकै स्रोतवाट प्राप्त भएको नगद आम्दानी तथा जिन्सी सामानको लगत राखे/नराखेको ।
९. विद्यालय क्षेत्र सुधार कार्यक्रम अर्न्तगत छात्रा, अपाङ्ग, दलित, सिमान्तकृत, द्वन्दपिडीत लगायतका छात्रवृत्ति वितरण पारदर्शी भए नभएको र वि.व्य.स.को निर्णयानुसार सम्वन्धित विद्यार्थीले सो छात्रवृत्ति पाए, नपाएको सो सम्वन्धी भरपाई, साथै प्रति विद्यार्थी लागत, पाठ्यपुस्तक, प्रशासनिक खर्च नियमानुसार खर्च भए नभएको ।
१०. विभिन्न स्रोतवाट वनेका विद्यालय भवन, मर्मत, शौचालय, खानेपानी लगायतका भौतिक निर्माणका कार्यहरु भए सोको नियमानुसार खर्च तोकिएको डिजाइन, सम्झौता तथा मापदण्ड अनुसार प्राविधिकवाट कार्यसम्पन्न प्रतिवेदन तयार भए/नभएको ।
११. विद्यालयले सामाजिक परीक्षण समयमै गरे/नगरेको ।
१२. विद्यालयमा रुजु हाजिर तथा अन्तिम परीक्षामा सम्मिलित विद्यार्थी संख्याको आधारमा मात्र पाठ्यपुस्तक र छात्रवृत्ति अनुदान वितरण गरे/नगरेको ।
१३. कार्यालयवाट निकासा गरिएको रकम तत् प्रयोजनका लागि मात्र खर्च गरे/नगरेको ।
१४. शिक्षकहरुको लागि निकासा गरिएको पोसाक भत्तावापतको रकम उपयोग गरे/नगरेको ।
१५. विद्यालयमा वक्यौताको रुपमा रहेका बेरुजु फछ्यौटका लागि आवश्यक कागजात तयार गर्ने सुझाव र बेरुजु रहनुका कारण तथा सोको लेखापरीक्षण सम्पन्न गरेवापत तपाईले सयकडा २५ (पच्चिस) पैसाका दरले नियमानुसार सम्वन्धित विद्यालयबाट पारिश्रमिक पाउनुहुनेछ । सोभन्दा बढी रकम दावी गर्न पाइने छैन । आय व्यय महलमा एकतर्फको हिसाबले हुनआउने रकम मात्र पारिश्रमिक बापत पाइनेछ । तोकिएको मिति भित्र लेखापरीक्षण सम्पन्न गर्न नसके सोको कारण सहित जानकारी यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

२०७६/१०/१६

.........................

प्रदिप कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

१.भूमेगुम्वा मा.वि.चंखु    २. जयन्तिपुर आ.वि.चंखु    ३. हुलाक प्रा.वि. चंखु    ४. माइस्थान प्रा.वि. चंखु

प्रमुख प्रशासकीय अधिकृत